# मिति २०८०।०२।०८ गते बसेको विहादी गाउँकार्यपालिका बैठका निर्णयहरु

## निर्णयहरु :

१. आगामी आ.व. को लागि बजेट, नीति तथा कार्यक्रम तर्जुमाको लागि आवश्यक पर्ने देहाय बमोजिमका समितिहरुलाई गठन गर्ने ।

क. राजश्व परामर्श समिति

- श्री मिना शर्मा तिवारी – संयोजक
- रामप्रसाद शर्मा – सदस्य
- खिम बहादुर थापा मगर – सदस्य
- माया वि.क. – सदस्य
- अर्जुन रिजाल – सदस्य सचिव

ख. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति – गत आ.व. कै लाई निरन्तरता दिने ।

ग. विषयगत समितिहरु

१. आर्थिक विकास समिति

- श्री गणेश प्रसाद पराजुली- संयोजक
- श्री कमला कुमारी परियार – सदस्य
- श्री यमकला नेपाली - सदस्य

२. सामाजिक विकास समिति – गत बर्षकैलाई निरन्तरता दिने ।

३. पुर्वाधार विकास समिति - गत बर्षकैलाई निरन्तरता दिने ।

४. वातावरण तथा विपद् व्यवस्थापन समिति - गत बर्षकैलाई निरन्तरता दिने ।

५. संस्थागत क्षमता विकास तथा सुशासन समिति –

- श्री मन बहादुर बस्याल- संयोजक
- श्री रुक्मागत भट्टराई - सदस्य
- श्री टिका बि.क.- सदस्य

घ. बजेट तथा कार्यक्रम समिति गत

- श्री मिना शर्मा – संयोजक
- श्री गणेश प्रसाद पराजुली- सदस्य
- श्री खिम बहादुर थापा मगर- सदस्य
- श्री गणेश शर्मा पौडेल- सदस्य
- मन बहादुर बस्याल - सदस्य
- तुलसी कुमारी सुनार- सदस्य
- श्री रामप्रसाद शर्मा- सदस्य
- दिपेन्द्र पौडेल – सदस्य सचिव

२. आ.व. २०८०/०८१ को बजेट तर्जुमा प्रकृयालाई पारदर्शी, सहभागितामुलक, सहज र सरल बनाउन तपसिल बमोजिमको कार्यतालिका बमोजिम कार्य सम्पन्न गरी असार १० गते भित्र आगामी आ.व. को बजेट, बार्षिक बिकास कार्यक्रम, बिनियोजन बिधेयक तथा आर्थिक विधेयक सभामा पेश गर्ने ।

| सि.न. | क्रियाकलाप | देखि | सम्म | |
|---|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको बैठक बसी प्रतिवेदन तयारी | | १८ गते भित्र | |

...प्रसाद शर्मा कंडेल
...कीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक बसी विषयगत, वडागत सीमा र प्राथमिकता निर्धारण | | २० गते भित्र | |
| ३ | बस्ति टोल स्तरबाट आयोजना छनौट | | जेष्ठ २५ गते भित्र | |
| ४ | वडा समितिबाट आयोजनाहरुको प्राथमिकता निर्धारण गरी पेश भएका आयोजना र अन्य आयोजनाहरु विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण | | असार ४ गते भित्र | |
| ५ | एकिकृत योजना तर्जुमा गर्न बजेट तथा कार्यक्रम समितिको बैठक बसि नीति तथा कार्यक्रम र बजेट र बिधेयकहरुको मस्यौदा तयारी | | असार ८ गते भित्र | |
| ६ | कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | | ९ गते भित्र | |
| ७ | सभाबाट स्वीकृत | | असार ३० भित्र | |

३. विविध –

क. मिति २०७९/०९/२२ को कार्यपालिकाको बैठकको निर्णय नं. (४) को बुँदा नं. (च) पछि तपसिल बमोजिमको (छ) र (ज) बुँदा थप गरी उक्त मितिको निर्णयलाई संशोधन गर्ने ।

" (छ) माथि बुदा नं. (क) देखि (च) सम्म नपरेका आगालागी, बाढी पहिरो, हावाहुरी, असिना, सामान्य भुकम्प, पहिरो, चट्याङ्ग आदि प्रकोपको कारण घर, गोठ, प्रयोगमा रहेको टहरो, खेतीपाती, पशु पंक्षी, तथा अन्य चल अचल सम्पत्ती सामान्य नोक्सान भएमा वा उक्त प्रकोपको कारण परिवारका सदस्यको शरीरमा सामान्य चोटपटक वा क्षती भई उपचार गर्न आर्थिक अवस्थाले नसक्ने भएमा स्थानीय टोल विकास सस्थाको मुचुल्का तथा वडा कार्यालयको सिफारिस तथा क्षति देखिने फोटो, निवेदन आदि कागजातको आधारमा रु ५०००।– सम्म राहत सहयोग बिपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।"

(ज) दीर्घ रोग (क्यान्सर, मृगौला, जटिल मुटुरोग) लागेका विरामीहरुलाई उपचार गर्न अस्पताल सम्म जान यातायात खर्च बापत रु १५०००।– उपलब्ध गराउने ।

ख. वडा नं. १ बाच्छा बिहादि बस्ने श्री तेज कुमारी वि.क. को पाठेघरमा समस्या भई बर्षौ देखि रक्तश्राप भई उपचार गर्दा समेत निको नभएको तथा निजको आर्थिक अवस्था कमजोर भई थप उपचार गर्न कठिन भएकोले निजको उपचारमा सहयोग गर्न "विपदमा परेका बालबालिका महिला उद्धार तथा पुनर्स्थापना कार्यक्रम" शीर्षकबाट खर्च हुने गरी रु ५०,०००।– उपचार खर्च उपलब्ध गराउने ।

**<u>मिति २०८०।०२।१९ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित</u>**

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८०।०२।०८

बिहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

राम प्रसाद शर्मा कंडेल
प्रमुख प्रशासकीय अधिकृत